# बेष्ट फाईनान्स कम्पनी लिमिटेडको
## छब्विसौ वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माईन्यूट)

**१) वैधानिक सभा :**

कम्पनी ऐन , २०६३ र संस्थाको नियमावली बमोजिम छब्विसौ वार्षिक साधारण सभा संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खिमलाल पौड्यालज्यूको सभापतित्वमा तपसिलमा उल्लेखित मिति ,समय र स्थानमा बसी देहायको विषय उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२) सभाको मिति,स्थान र समय :**

**मिति** : २०८० साल बैशाख २९ गते शुक्रबार (तदनुसार १२ मई २०२३ )

**स्थान** : नेपाल प्रज्ञा प्रतिष्ठान , कमलादी, काठमाडौं ।

**समय** : बिहान ११.०० बजे ।

**३) सभा सम्बन्धि सूचना :**

यस संस्थाको मिति २०८० वैशाख १ गते बसेको संचालक समितिको ५६५ औं बैठकको निर्णय बमोजिम संस्थाको २६ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना तथा सभामा छलफल हुने विषयहरु सम्वन्धी सम्पूर्ण प्रस्तावहरु कम्पनी ऐन ,२०६३ को दफा ६७ तथा संस्थाको नियमावली बमोजिम २१ दिन अगावै मिति २०८० बैशाख ५ गतेको "कारोबार" राष्ट्रिय दैनिक तथा मिति २०८० बैशाख ८ गतेको "अभियान" राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी २ पटक शेयरधनीहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

**४) छलफलको विषयसूची :**

**(क) सामान्य प्रस्ताव**

१. यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०७८/०७९ को बार्षिक वित्तीय विवरण (२०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.ब.२०७९/०८० को लागि बाह्य लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विशेष प्रस्ताव

१. यस बित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा बित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्यांकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्वन्धि अन्य आवश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) बिबिध

५) सभामा उपस्थिति :

५.१ सञ्चालकहरुको उपस्थिति (कम्पनी ऐन , २०६३ को दफा ६८ बमोजिम)

| | |
|---|---|
| १) श्री खिमलाल पौड्याल | अध्यक्ष |
| २) श्री लक्ष्मी श्रेष्ठ | संचालक |
| ३) श्री राम कृष्ण चौलागाई | संचालक |
| ४) श्री राम चन्द्र देवकोटा | संचालक |
| ५) श्री श्रीराम श्रेष्ठ | संचालक |

५.२ पर्यवेक्षक ,आमन्त्रितहरुको उपस्थिति :

१) श्री अरुण पौड्याल – कानुनी सल्लाहकार

२) श्री अनुप कुमार श्रेष्ठ – वाह्य लेखापरिक्षक (वि.आर.एस.न्यौपाने एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स )

५.३ पदाधिकारीहरुको उपस्थिति :

| | | |
|---|---|---|
| १. | श्री उमेश सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री शैलेन्द्र बादे श्रेष्ठ | सहायक महाप्रवन्धक |
| ३. | श्री शरद उपाध्याय | वरिष्ठ प्रवन्धक |
| ४. | श्री प्रेम सागर नापित | वरिष्ठ प्रवन्धक |
| ५. | श्री राज सुन्दर श्रेष्ठ | कम्पनी सचिव |

५.४ शेयरधनीहरुको उपस्थिति :

१) स्वयम उपस्थित : १३७ जना

२) प्रतिनिधिद्धारा उपस्थित : ६९ जना

३) जम्मा उपस्थिति शेयरधनी संख्या : २०६

६ सभाको गणपुरक संख्या -कम्पनी ऐन,२०६३ को दफा ७३ बमोजिम :

| शेयर तथा शेयरधनी | जम्मा | स्वयम् उपस्थिति | प्रतिनिधीद्वारा उपस्थित | जम्मा उपस्थित | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा शेयर संख्या | ८२८९१३७ | ३०००१०५ | १६५८९२१ | ४६५९०२६ | ५६.२१ % |
| जम्मा शेयरधनी | १४७६४ | १३७ | ६९ | २०६ | |

७.सभाको वैधानिकता :

७.१ साधारण सभा शुरु हुनु अघि सभामा उपस्थित शेयरधनीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई कम्पनी सचिवले संस्था तथा आफनो तर्फवाट स्वागत अभिवादन गर्दै कम्पनी ऐन २०६३ र संस्थाको नियमावली तथा प्रचलित कानुन बमोजिम संस्थाको छव्विसौ वार्षिक साधारण सभा बोलाईएको जानकारी गराउनु भयो ।

७.२. सभा संचालनको लागि कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा २ र संस्थाको नियमावली बमोजिम साधारणसभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानुन बमोजिम सभा वैधानिक रहेको जानकारी संस्थाका कानुनी सल्लाहकार श्री अरुण पौड्यालले सभामा जानकारी गराउनु भयो ।

७.३ गणपुरक संख्या पुगेका. हुँदा सभा रीतपूर्वक बोलाईएको सभा गर्न मन्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय उपर छलफल गर्न मन्जुर गरियो ।

८.सभाको वैधानिकता एकीन भएपछि कम्पनी ऐन २०६३ को दफा ६९ को उपदफा २ र संस्थाको नियमावली बमोजिम संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री खिमलाल पौड्यालज्यूलाई संस्थाको यस छव्विसौ वार्षिक साधारणसभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो । र संस्थाको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नुभयो ।

९.स्वागत मन्तब्य :

यस संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री उमेश सिंह भण्डारीज्यूले सभामा उपस्थित शेयरधनीहरु, अतिथि एवम आमन्त्रीत व्यक्तित्वहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्य राख्नु भयो ।

**१०.सभा सञ्चालन र संचालक समितिको तर्फवाट अध्यक्षको प्रतिवेदनको प्रस्तुती :**

**१०.१** सञ्चालक समितिका अध्यक्ष एंव साधारण सभाका सभापति श्री खिमलाल पौड्यालज्यूले पानसमा दीप प्रज्वलन गर्दै सभाको विधिवत उद्घाटन गरी संस्थाको संचालक समितिको तर्फवाट अध्यक्षको वार्षिक प्रतिवेदन २०७८/७९ साधारणसभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०.२** सभा समक्ष अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पछि सभापतिज्यूले लेखापरिक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तसम्मको वासलात र आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब लगायत वार्षिक



बेष्ट फाइनान्स कम्पनी लि. BFC BEST FINANCE COMPANY LTD.

वित्तीय विवरणसंग सम्वन्धित अनुसूचीहरु समेत) तथा अन्य प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**११.साधारणसभामा शेयरधनीहरुको निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने कम्पनी ऐन २०६३ को दफा ७४ मा व्यवस्था भए अनुरुप सभापतिद्धारा प्रस्तुत प्रस्तावहरु समेतमा छलफलको लागि मन्तव्य , विचार ,जिज्ञासा तथा सुझाव राख्न चाहने शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नुभयो ।**

**११.१ छलफलमा सहभागी हुने शेयरधनीहरु :**

छलफलका लागि सभापतिज्यूले आमन्त्रण गर्नु भए अनुसार सभामा ११ जना शेयरधनीहरु स्वयंम उपस्थित भई तथा २ जना शेयरधनीले लिखित रुपमा संस्थाको काम,कारवाही, वार्षिक हरहिसाव तथा वार्षिक प्रतिवेदन सम्वन्धमा आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो । वक्ता शेयरधनीहरुको नामावली निम्नानुसार रहेका छ ।

१. श्री ईन्द्र कृष्ण श्रेष्ठ

२. श्री अमिरदास रन्जित

३. श्री शत्रुघन श्रेष्ठ

४. श्री चन्द्र नारायण जोशी

५. श्री नरसिंहलाल चख्खु

६. श्री निरुपमा गुप्ता

७. श्री सुदिप श्रेष्ठ

८. श्री रोज कुमार श्रेष्ठ

९. श्री उत्सव सुन्दर श्रेष्ठ

१०. श्री कृष्ण प्रसाद अधिकारी

११. श्री ब्रम्हदेव शाक्य

१२. श्री गोविन्द बहादुर के.सी.

१३. श्री रोविन्द प्रसाद श्रेष्ठ(गोविन्द)

## १२. शेयरधनीहरुबाट व्यक्त गरिएका मन्तव्यको संक्षिप्त विवरण :

१. निस्कृय खराव कर्जा घटाउन सफल भएकोमा बधाई तर फेरी निष्कृय कर्जा बढन सक्ने तर्फ चनाखो हुन पर्ने ।

२. संस्थाको व्यवसाय बृद्धिका लागि नयां नयां कार्यक्रम ल्याउन पर्ने ।

३. शाखा कार्यालयहरु नाफामा संचालन गर्नको लागि आवश्यक पहल हुने आशा व्यक्त

४. संस्थाले मर्जमा जांदा सवल कम्पनी तथा आपनो स्तर अनुसारको संस्थासंग Merger मा जान उपयुक्त हुने ।

५. शेयरधनीहरुलाई सुनाफा वाडन सक्ने गरी कार्ययोजना तयार गर्न हुन ।

६. संस्थाले डिजिटल बैकिङ्गलाई विशेष ध्यान दिन जरुरी ।

७. बार्षिक विवरणमा अझ राम्रो बनाउन chart को उल्लेख हुनु पर्‍यो ।

८. संस्थाको पुजीवृद्धिको कार्यक्रम ल्याउन पर्यो ।

९. अपलेखन भएका कर्जाहरुको असुलीमा पनि ध्यान दिन जरुरी छ ।

१०. अघिल्लो वर्ष भन्दा कारोवार वृद्धि गर्न सफल भएकोमा खुशी लाग्यो ।

११. संस्थाले थप नंया शाखा विस्तार गर्न सफल भएकोमा धन्यवाद ।

१२. संस्थाको गैह्र बैकिङ्ग सम्पति छिटो लिलाम विक्री गरी घटाउन पर्ने ।

१३. लेखापरिक्षण प्रतिवेदन नेपालीमा प्रकाशित गर्दा अझ सबैले बुझ्ने छ ।

१४. संस्थाको संस्थापक ६० प्रतिशत र सर्वसाधरण शेयर ४० प्रतिशतलाई परिमार्जन गरी ५१ /४९ गर्न जरुरी छ ।

## १३.सभापतिज्यूले दिनु भएको जवाफहरु :

छलफलको क्रममा सहभागी शेयरधनी महानुभावले प्रस्तुत गर्नु भएका मन्तव्य,जिज्ञासा,अमूल्य सुझाव तथा प्रश्नहरु प्रति संचालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री खिमलाल पौड्यालज्यूले प्रतिवेदनमा शेयरधनी महानुभावहरुले आफनो अमूल्य सुझावहरु दिनु भएकोमा संस्थाको हितको लागि यस्तो सल्लाह सुझाव मार्फत उत्साह प्रदान गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै शेयरधनी महानुभावहरुले दिनुभएका सुझावहरु स्वागत योग्य रहेको र उक्त सुझावहरुलाई आत्मसाथ गर्दै शेयरधनीहरुको सल्लाह अनुसार मनन गर्दे आगामी बर्षहरुमा क्रमश सुधार गर्दै लैजान प्रयत्न गर्ने सभालाई जानकारी गराउनुभयो ।

**<u>अध्यक्षज्यूको अनुमतिबाट प्रमुख कार्यकारी अधिकृतज्यूले दिनु भएको जवाफ :</u>**

- संस्थाको २६ औ प्रतिवेदनको आधारमा आफनो सल्लाह सुझाव दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुमा तथा प्राप्त सुझावहरुलाई व्यवहारमा लागु गर्दै संस्थालाई अझ प्रगति गर्न यस किसिमको सुझावले प्रेरणा दिएको सभालाई जानकारी गराउनुभयो ।
- संस्थाको गैह्र बैकिङ्ग सम्पतिलाई विस्तारै लिलाम बिक्री मार्फत कम गर्दै लैजाने जानकारी गराउनुभयो ।
- संस्थाको संस्थाको संस्थापक ६० प्रतिशत र सर्वसाधरण शेयर ४० प्रतिशतलाई परिमार्जन गरी ५१ /४९ गर्न पहल गर्ने छ ।
- २६ औ वार्षिक प्रतिवेदनमा भएका कमी कमजोरीलाई आगामी वार्षिक विवरणमा सुधार गर्ने छ ।
- संस्थाले आगामी दिनमा संचालन घाटा घटाउदै लैजानै तथा शेयरधनीहरुलाई लांभाश वितरण गर्नको लागि आवश्यक प्रयत्न गर्ने जानकारी गराउनु भयो ।

**१४.सभाको निर्णयहरु :**

सभापतिज्युले जवाफ दिने क्रम सकिए पछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्धारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय बमोजिम निर्णय भयो ।

**(क) सामान्य प्रस्ताव**

१.यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०७८/०७९ को सन्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

**सभाको निर्णय :** सन्चालक समितिको प्रतिवेदन आ. ब. २०७८/०७९ उपर विस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापतिज्यूले प्रस्ताव गर्नुभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब.२०७८/०७९ को वार्षिक वित्तीय विवरण (२०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत वार्षिक वित्तीय विवरणसंग सम्वन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

**सभाको निर्णय :** लेखा परिक्षणको सहितको आ.ब.२०७८/०७९ को वार्षिक वित्तीय विवरण (२०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत वार्षिक वित्तीय विवरणसंग सम्वन्धित अनुसूचीहरु समेत) विस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापतिज्यूले प्रस्ताव गर्नुभएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.ब.२०७९/०८० को लागि बाह्य लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**सभाको निर्णय** : अध्यक्षद्वारा संस्थाको आ. व. २०७९/०८० को लागि लेखापरिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखापरिक्षण समितिको सिफारीस बमोजिम आ.व २०७९/०८० को बाह्य लेखा परिक्षण गर्नको लागि श्री एस.ए.आर.एशोशियटस,चार्टड एकाउन्टेन्टलाई लेखापरिक्षण शुल्क मु.अ.कर सहित रु.४,७२,३४० (अक्षरेपी चार लाख बहत्तर हजार तीन सय चालिस मात्र) भुक्तानी गर्ने गरी नियुक्ति गरिदिन सभापतिज्यूले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**(ख) विशेष प्रस्ताव**

१. यस बित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्यांकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्यांकन कर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्वन्धि अन्य आवश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**सभाको निर्णय** :यस बित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा बित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्वन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्यांकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्यांकन कर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्वन्धि अन्य आवश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पेश गर्नु भएकोमा उक्त प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

**(ग) बिबिध :**

यस छब्विसौ वार्षिक साधारण सभाको निर्धारित विषय सूची नं "ग" मा रहेको बिबिध शिर्षकमा छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको व्यहोरा सभापतिज्यूले सभालाई जानकारी गराउनु भयो ।

**१६.सभा विसर्जन :**

तत्पश्चात सभाका सभापति श्री खिमलाल पौड्यालज्यूले सभा संचालन गर्न सभामा उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद गर्नुको साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सवैलाई बधाई दिनुहुदै २:०० बजे संस्थाको छब्विसौ वार्षिक साधारणसभा विर्सजन भएको घोषणा गर्नु भयो ।

बेष्ट फाइनान्स कम्पनी लि. BFC BEST FINANCE COMPANY LTD.